# धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, (आस्वा सम्वन्धी) २०७३, मा दोस्रो संशोधन सम्वन्धमा ।

धितोपत्रको सार्वजनिक निष्कासनमा मिति २०७३।१०।०१ देखि ऐच्छिक रुपमा आस्वा प्रणाली लागू भएकोमा उक्त प्रणाली अर्न्तगत हाल सम्म तीन वटा संगठित संस्थाहरुको सार्वजनिक निष्कासन भैसकेको छ । साथै यो प्रणाली लागू भएको छोटो अवधीमा नै कुल निष्कासन रकमको करीव साठी प्रतिशत रकम आस्वा प्रणाली मार्फत संकलन भई लगानीकर्ता तथा वैंक तथा वित्तीय संस्थाहरुको उत्साहजनक सहभागीता देखिएको र छिटो यो व्यवस्था अनिवार्य गर्न माग समेत भएको छ ।

यसै परिप्रेक्ष्यमा यो प्रणाली कार्यान्वयन भए पश्चात यसमा देखिएका समस्याहरुलाई निराकरण गरी यस प्रणालीलाई अझ सरलीकृत प्रभावकारी, मितव्ययी एवं सहज वनाउन धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, (आस्वा सम्वन्धी) २०७३ मा देहाय अनुसारको व्यवस्था गरी समसामयिक संशोधन गरिएको छ ।

- आस्वा प्रणालीको क्षेत्र विस्तार गरी सरकारी स्वामित्व रहेको वाणिज्य वैंकलाई सहभागी गराउने । यसवाट अव पचहत्तरै जिल्लावाट आस्वा प्रणाली मार्फत दरखास्त दिन सकिने ।
- लगानीकर्तालेे वेभसाइटवाट सहज ढंगले दरखास्त फारम प्राप्त गर्न सक्ने व्यवस्था गर्ने ।
- निष्काशन भएको धितोपत्र तोकिएको समयावधि भित्र विक्री भए नभएको यकिन गर्ने तथा दरखास्त सम्वन्धी अभिलेखलाई व्यवस्थित, छिटो छरितो र सहज गराउने ।
- सम्वन्धित वैंक वा वित्तीय संस्थाले समेत दरखास्त साथ प्राप्त कागजात तथा विवरणको आवश्यक जाँचबुझ एवं हितग्राही खाता रुजु गर्न सक्ने व्यवस्था गरी बाँडफाँट समयावधि कम गर्ने ।
- लगानीकर्तावाट दरखास्तसाथ पेश गर्नु पर्ने सेवा शुल्क वढी भएको भन्ने गुनासो आएकोमा उक्त शूल्क कम गर्ने (रु. दुई सय पचास सम्म लिन सक्ने व्यवस्था रहेकोमा सो कम गरी वढीमा रु. एक सय कायम गरिएको) तथा निष्कासन तथा विक्री प्रवन्धकले प्राप्त गर्ने शुल्क रु. दश मात्र गरिएको तथा वोर्डमा वुझाउनु पर्ने तीन प्रतिशत शुल्क हटाइएको ।
- धितोपत्र खरिद दरखास्त फारमलाई सरलीकृत गरिएको ।

साथै आस्वा प्रणालीमा सहभागी केही वैंक तथा वित्तीय संस्थाहरुले धितोपत्र खरिद सार्वजनिक निष्कासन (आस्वा) मा अनलाइन मार्फत दरखास्त लिने व्यवस्था गर्न शुरु गरिसकेको साथै यो सेवालाई अझ छिटो छरितो गर्न सवै सहभागी संस्थाहरुलाई यथाशीघ्र अनलाइन मार्फत दरखास्त लिने व्यवस्था गर्न समेत निर्देशन दिईएको छ ।

धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३, को दोस्रो संशोधन वोर्डको वेभ साईट www.sebon.gov.np मा राखिएको छ ।